नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..............................................शाखा)

प.सं. :
च.नं. :

सिंहदरबार, काठमाण्डौ

## प्रेस विज्ञप्ती

नेपाल सरकारका तर्फबाट संघीय संसदमा पेश गरिने विधेयकमा संलग्न हुने आर्थिक टिप्पणी, व्याख्यात्मक टिप्पणी तथा उद्देश्य र कारणलाई सुशासन र दिगो एवं सन्तुलित विकासको अवधारणा बमोजिम परिष्कृत तथा सुधार गर्न तथा श्री संघीय संसद, राष्ट्रिय सभा, दिगो विकास तथा सुशासन समितिको मिति २०७९।१२।०२ को बैठकको निर्णय बमोजिमको निर्देशन कार्यान्वयनका लागि देहायको विषयमा देहाय बमोजिम गर्न गराउन सबै मन्त्रालयमा अनुरोध गर्ने गरी माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूबाट आज मिति २०८०।०१।२१गते निर्णय भएकोले विधेयकको तर्जुमा र संघीय संसदमा पेश गर्ने प्रक्रियाको सुधार सम्बन्धमा यो प्रेस विज्ञप्ती जारी गरिएको छ ।

(क) संसदमा प्रस्तुत हुने विधेयकका अंगहरु, उद्देश्य र कारण, आर्थिक टिप्पणीमा सुशासन र दिगो एवं सन्तुलित विकास सम्बन्धी व्यवस्था उल्लेख गर्ने तथा विधेयकको मस्यौदा गर्दा सुशासन र दिगो एवं सन्तुलित विकासका रुजु सूची (Check list) मार्फत परीक्षण गर्ने व्यवस्था मिलाउने,

(ख) विधेयकको व्याख्यात्मक टिप्पणी तयार गर्दा प्रस्तावित प्रत्येक कानूनी प्रावधानको आवश्यकता, उद्देश्य, सम्बोधन गर्न खोजिएको विषय, त्यसमा अन्तर्निहित मान्य सिद्धान्त तथा सो विषयमा सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको भए सो सिद्धान्तको समेत उल्लेख गर्ने,

(ग) कुनै नयाँ विषयमा विधेयक तर्जुमा गर्नु अघि नेपाल सरकार, मन्त्रिपरिषद्बाट सिद्धान्त स्वीकृति प्राप्त गर्न पेश गर्नु पर्ने मन्त्रिपरिषद्बाट स्वीकृत अवधारणापत्रको ढाँचाको बुँदा नं. ९ मा उल्लिखित "प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार" शीर्षक अन्तर्गत विधेयक ऐन बनेपछि सो को कार्यान्वयनको लागि सालबसाली वा पटके रुपमा आवश्यक पर्ने संभावित न्यूनतम आर्थिक दायित्वको विस्तृत विवरण उल्लेख गरी अवधारणापत्र तयार गर्ने,

(घ) ऐन बनेपछि सो को कार्यान्वयनको लागि सालबसाली वा पटके रुपमा आवश्यक पर्ने संभावित न्यूनतम आर्थिक दायित्वको विस्तृत विवरण विधेयकसाथ आर्थिक टिप्पणी साथ संलग्न गर्ने ।

(ङ) प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १०० मा विधेयक साथ सैद्धान्तिक अवधारणा समेत पेश गर्नु पर्ने व्यवस्था रहेकोले विधेयक साथ अन्य विवरणका अतिरिक्त नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत सैद्धान्तिक अवधारणा समेत संलग्न गर्ने ।

मिति : २०८०।०१।२१

(निर्मला अधिकारी भट्टराई)
सहसचिव
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

फोन: ०१-४२००२२५, ४२११९७४, ४२११९८७, फ्याक्स नं.: ०१-४२११६८८, इमेल: infolaw@moljpa.gov.np